जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०   अंक ५७   २०७७ साल असोज ७ गते बुधबार (23 Sep. 2020 Wednesday)   मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति वेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : दुर्लभ एकसिङ्गे गैंडा ... ३ पृष्ठमा : एयरलाइन्सबीच भ्रमण ... ३ पृष्ठमा : भारतमा एकैदिनमा सङ्क्रमणमुत्तः ...

# सप्तरीमा एक सय १५ सुरक्षाकर्मी संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

सप्तरीमा सुरक्षाकर्मीहरुमा पनि कोरोना संक्रमण बढ्दो छ । सप्तरी जिल्लामा मंगलबारसम्म तीनै सुरक्षानिकाय गरि १ सय १५ जनामा कोरोना संक्रमणको पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

कोरोना महामारी रोकथाम तथा नियन्त्रण, अपराध अनुसन्धान, नियमित शान्ति सुरक्षा व्यवस्थापन लगायतमा खटिएका नेपाल र सशस्त्र प्रहरीमा संक्रमणको दर बढ्न थालेको हो ।

यता क्वारेन्टाइन, आइसोलेशन र संक्रमितको मृत्युपछि शव व्यवस्थापनमा खटिने गरिएका सेनामा पनि कोरोना संक्रमण भएको छ ।



जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका अनुसार नेपाल प्रहरीतर्फ जिल्ला प्रहरी कार्यालय सप्तरीका एसपी र डिएसपसिहित ६७ जना, सशस्त्र प्रहरीतर्फ २ जना तथा प्रदेश प्रहरी तालिम केन्द्र राजविराजका ३७ जना सुरक्षाकर्मीमा कोरोना संक्रमण फेला परिसकेको छ ।

यसरी कोरोना संक्रमण बढ्दै गएपछि जिल्ला प्रहरी कार्यालयले पत्रकार सम्मेलन, जमघट, भेला, भिडभाड लगायत समूहगत कार्यक्रम अहिले बन्द गरेको छ ।

त्यस्तै राजविराजस्थित नेपाली सेनाको भिमदल गणका ९ जना सेनामा पनि कोरोना संक्रमणको पुष्टि भइसकेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले बताए ।

जिल्लामा हालसम्म संक्रमितको कुल संख्या १ हजार २ सय ६ छन् । जसमध्ये सुरक्षा निकायतर्फका संक्रमितको संख्या १ सय १५ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीको तथ्याङ्कले देखाएको छ ।

# हनुमाननगरका नगर प्रमुख संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका प्रमुख कोरोना संक्रमित भएका छन् ।

विभिन्न वडामा एकै दिन भएको नौ कार्यक्रममा सहभागितापछि पिसीआर परीक्षण गराएका हनुमाननगर कङ्कालिनी नगरपालिकाका नगर प्रमुख र उनको चालकमा मंगलबार संक्रमण देखिएको छ ।

हनुमाननगर कङ्कालिनी नगरपालिका ९ का ४२ वर्षीय नगर प्रमुखसहित परिवारका सात जनाको स्वाब परीक्षण गराएकोमा प्रमुख र राजविराज निवासी चालकमा कोरोना सङ्क्रमण देखिएको हो ।

# भन्सार छलेका समान, पशुसहित गाडी प्रहरी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

भारतबाट भन्सार छलेर ल्याउँदै गर्दा लाखौ मूल्य बरावरको किराना सामान तथा प्रतिबन्धित औषधी सप्तरी प्रहरीले नियन्त्रणमा लिएको छ ।

सोमबार रातीको पिकअप भ्यानमा लोडगरी भारतबाट नेपाल ल्याउँदै गरिएको गाईसहित गाडी पनि प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै दशगजा क्षेत्रमा निगरानीका लागी खटिएका

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**सगरमाथा अञ्चलको एक मात्र**
**ओभरसियरी क्याम्पस**
**( CTEVT बाट मान्यता प्राप्त )**

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
**(३ बर्षे)**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य–गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
**फाराम भर्ने अन्तिम मिति** : २०७७ असोज १४ गते सम्म ।

**सम्पर्क :**
**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजविराज–८ (सप्तरी)
**फोन नं.–०३१–५२०८३९, मो.नं. ९८०४७०१४२१, ९८२४७२०३९८**

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।
**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

हाम्रा विशेषताहरु –
- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७७/५/३० गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७७/६/१९

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

# विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्ययोजना सार्वजनिक

काठमाडौँ, ६ असोज (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वैकल्पिक माध्यमबाट सिकाइ सञ्चालनका लागि मंगलबार विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्ययोजना सार्वजनिक गरेको छ।

सिकाइका क्रममा सूचना र प्रविधिको प्रयोगमा विद्यार्थीको पहुँचको विविधतालाई ध्यान दिई होम स्कुलिङको अवधारणा, विद्यार्थी, शिक्षक सम्पर्क प्रवर्द्धन जस्ता मौलिक विधि अपनाएर सिकाइमा सहजीकरण गर्न तत्काल गर्नुपर्ने कामका सन्दर्भमा प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनमा उक्त कार्ययोजना ल्याइएको हो। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले कार्ययोजनाले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहसहित अभिभावक, निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरु सबैले आफ्नो दायित्व निर्वाह गर्ने गरी एकीकृत ढङगको प्रयास गराउने बताउनुभयो। मन्त्रिपरिषद्को यही असोज १ गतेको निर्णयबाट यो कार्ययोजना स्वीकृत भएको हो।

कोभिड १९ को जोखिमका कारण अवरुद्ध विद्यालयको पठनपाठन नियमित रुपमा सुचारु हुन नसकेको अवस्थामा दूर तथा खुला शिक्षालगायतका प्रणालीलाई व्यवस्थित गर्दै बालबालिकालाई आफ्नो परिवेशअनुकूल सिक्ने वातावरण सृजना गर्न मन्त्रालयले यसअघि विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ जारी गरी यही असोज १ गतेदेखि कार्यान्वयनमा ल्याएको थियो।

कार्ययोजनाले बसाइ स्थानान्तरण भएका विद्यार्थीको तथ्याङ्क सङ्कलन, सबै बालालिकाका लागि पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता र कार्यस्थलमा शिक्षकको उपस्थितिलाई तत्काल गरिहाल्नु पर्ने कार्यको रुपमा जोड दिएको छ। यस्तै शैक्षिकसत्रमा विद्यार्थीले सिक्नुपर्ने विषयवस्तु, शिक्षण विधि र मूल्याङ्कन प्रक्रियाको लागि ढाँचा विकास, नमूना स्वाध्ययन सिकाइका सामग्रीको विकासलाई कार्ययोजनामा समेटिएको छ। कार्ययोजनाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँगको सहकार्यमा विद्यालयका शिक्षक विद्यार्थीबीच नियमित एवम् प्रभावकारी सिकाइ सम्पर्क कायम गराउने प्रयोजनका लागि नेपाल टेलिकम सहित अन्य दुर सञ्चार सेवा प्रदायक संस्थाहरुबाट मोबाइल सेवाको आवद्धता गर्ने विषय पनि समेटेको छ। नेपाल दूर सञ्चार प्राधिकरणले यस विषयमा आवश्यक सहजीकरण गर्नेछ।

होम स्कुलिङको अवधारणा कार्यान्वयन, अस्थायी सिकाइ सहजीकरण केन्द्र स्थापना र सञ्चालन, शिक्षक घरदैलो कार्यक्रम, प्रारम्भिक बाल विकास तथा शिक्षा सञ्चालन सहजीकरण, श्रव्य दृश्य सामग्री विकास र प्रसारण लगायतका

*बाँकी तीन पृष्ठमा*


## डा. ललन प्रसाद रौनियार

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

## डा. दिनेश उप्रेती

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

## डा. पारसमणि शाह

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# दुर्लभ एकसिङ्गे गैंडा संरक्षणमा चुनौती

चितवन, ६ असोज (रासस)।

दुर्लभ एकसिङ्गे गैंडा संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ। मानव अतिक्रमण र संरक्षणप्रतिको चासो कम हुँदा संरक्षण चुनौतीपूर्ण बनेको हो। चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बराल पछिल्ला दिनमा गैंडा संरक्षणमा चुनौती थपिएको स्वीकार्नुहुन्छ। उहाँको भनाइमा चोरी शिकार पुनः सक्रिय हुने सङ्केत देखिएको छ। गैंडा मानव बस्तीमा विचरणका लागि जाँदा लखेट्न प्रयोग गरिने विषादी, विद्युतीयतारलगायत प्रतिरोधात्मक भावना समस्या बन्दै गएको छ। उहाँले भन्नुभयो, "निकुञ्जभित्र जतिसुकै राम्रो व्यवस्थापन भए पनि बाहिरका खाद्यान्न बालीका कारण गैंडा आकर्षित हुँदा समस्या भएको छ।"

मध्यवर्ती क्षेत्रमा बाली प्रणाली नै परिवर्तन गर्नसकेमा संरक्षणमा टेवा पुग्ने उहाँको भनाइ छ। गैंडाको प्रमुख बासस्थान क्षेत्रमा अतिक्रमण बढेको भन्दै उहाँले भन्नुभयो, "जसले अतिक्रमण गर्‍यो उनीहरूको आर्थिक र शैक्षिक अवस्था कमजोर हुँदा निकुञ्जमा मात्रै केन्द्रित हुनुपर्दा संरक्षणमा चुनौती थपिएको छ।"

उनीहरूलाई वैकल्पिक पेशाको व्यवस्थापन गर्नसकेमा संरक्षणमा सहयोग पुग्ने बरालको भनाइ छ। राजनीतिकरूपमा प्रतिबद्धता बोलीमा भए पनि व्यवहारमा नहुँदा संरक्षणमा थप जटिलता आएको उहाँ बताउनुहुन्छ। उहाँले भन्नुभयो, "जनप्रतिनिधिले नबुझेको वा नबुझेजस्तो गरेका कारण संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ।" जसले गर्दा कर्मचारीको मनोबल गिर्ने गरेको र चुनौती मोल्दै गर्दा हुने जोखिम व्यक्तिगत रूपमा झेल्नुपर्ने बाध्यता आएको बरालको ठम्याइ छ।

राजनीतिक नेतृत्व र जनप्रतिनिधिलाई संरक्षणप्रति उत्तरदायी बनाउन सके संरक्षणमा सहयोग पुग्ने उहाँको भनाइ छ। लामो समय गैंडा संरक्षणमा खर्चिनुभएका निकुञ्जका पूर्वप्रमुख संरक्षण अधिकृत कमलजङ्ग कुँवर विगतको इतिहासलाई हेर्दा प्रत्येक १०/१० वर्षमा चोरी शिकारी बढ्ने गरेको तथ्याङ्कले देखाएको बताउनुहुन्छ। उहाँका अनुसार सन् १९७० देखि ८० को दशक चोरी शिकारी कम भएको भए पनि त्यसपछिको दशक चोरी शिकार बढी भएको उहाँले जानकारी दिनुभयो। त्यसैगरी ८० को दशकमा चोरी शिकार बढेको ९० दशकमा घटेको, सन् २००० को दशकमा बढेको र सन् २०१० को दशकमा कमी आएको भन्दै उहाँले सन् २०२० को दशक चोरी शिकारी बढ्न सक्नेतर्फ सचेत गराउनुभयो।

तस्करको निकुञ्ज सुरक्षा व्यवस्थाको रणनीतिका बारेमा थाहा पाइसकेकाले नयाँ रणनीतिका साथ आउन सक्ने भएकाले त्यसतर्फ ध्यान दिनुपर्ने उहाँको सुझाव छ। सरकारी निकाय सुस्ताउँदै गर्दा तस्कर सक्रिय हुने गरेको तथ्यलाई ख्याल गर्दै काम गर्नुपर्ने उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "यो दशकमा गैंडा जोगाउन सरकारी निकायले जनता, सञ्चारमाध्यमलगायत सरोकार निकायसँग सहकार्य गरेर समयमै अघि बढ्नु पर्छ।" उहाँले थप्नुभयो, "उनीहरू नयाँ ढङ्गले आउन सक्छन्।" चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुङ्गाना सबैको साथ र सहयोग बिना गैंडा संरक्षण सम्भव नहुने बताउनुहुन्छ। राजनीतिक तहमा नेतृत्व र जनप्रतिनिधि रहेका सबैलाई संरक्षणको बारेमा बुझाएर आम जनतालाई सकारात्मक सन्देश प्रवाह गर्नुपर्ने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "संरक्षणमा लागेका बाहेकका राजनीतिक नेतृत्वलाई बुझाउन पर्ने देखिएको छ।" पहिलो प्राथमिकता मानिस हो भने वन्यजन्तुका कारण मानिसले पाएका लाभ र यसको अन्तर्राष्ट्रिय महत्वका विषयमा पनि नजरअन्दाज गर्न नमिल्ने उहाँको तर्क छ। उहाँले भन्नुभयो, "वन्यजन्तुका कारण आहार मात्रै होइन, राहत पनि पाएका छौं।"

आर्थिक अभावका कारण चोरी शिकारमा निम्न वर्गलाई प्रयोग गरिएको भन्दै उहाँले त्यो वर्गको आर्थिक उत्थानमा लाग्नुपर्ने बताउनुभयो। द्वन्द्वको समयमा निकुञ्जमा सबैभन्दा बढी चोरी शिकारी भएको थियो। सन् २००२ मा एकै वर्षमा सबैभन्दा बढी ३७ वटा गैंडा चोरी शिकारीले मारेका थिए।

पछिल्ला वर्षहरूमा चोरी शिकारीको सङ्ख्या घट्दै आएको भए पनि चुनौती भने यथावत रहेको छ। झण्डै चार वर्ष पछि गत भदौ २३ गते तस्करले गैंडा मारेका थिए। उक्त घटनापछि निकुञ्ज सुरक्षामा थप कडाइ गरिएको छ।

गैंडा मारेको मुद्दामा अधिकतम सजाय १५ वर्ष कैद र रु १० लाख जरिवाना वा दुवै हुने व्यवस्था छ। संरक्षित वन्यजन्तुको चोरी शिकारी गरी फरार रहेका १०० जनाभन्दा बढी छन्। तिनीहरू निकुञ्ज आसपास क्षेत्रसँगै पोखरा, काठमाडौंलगायत ठाउँका हुन्। अरु मुद्दाको समेत गरेर यो सङ्ख्या १५० भन्दा बढी छ।

यसअघि गैंडा मारेको अभियोग लागेर कारागारमा लागेका पछिल्ला दिनहरूमा छुट्ने क्रम बढ्दो छ। उनीहरू पुनः सक्रिय हुन सक्ने भन्दै सुरक्षा व्यवस्थामा कडाइ गरिएको छ। यससँगै संरक्षणका लागि निकुञ्जले घाँसे मैदान र पानीको व्यवस्थापन गरिरहेको छ। सन् २०१५ मा गणना गर्दा नेपालमा ६४५ गैंडा रहेकोमा यस निकुञ्जमा ६०५ गैंडा रहेका थिए। गत आर्थिक वर्षमा पुनः गणना गर्ने भनिए पनि कोरोना सङ्क्रमणका कारण रोकिएको छ।

विसं २०७४ को बाढीमा राप्ती र नारायणी नदीले गैंडा बगाएर भारत पुर्‍याएका थिए। केही उद्धार गरी ल्याइएको भए पनि बाढीले कति बगायो भन्ने यकिन हुन सकेको छैन। चितवन राष्ट्रिय निकुञ्ज एकसिङ्गे गैंडाका लागि प्रख्यात छ। गैंडा हेर्नकै लागि वर्षेनी ठूलो सङ्ख्या स्वदेशी तथा विदेशी पर्यटक यहाँ आउने गर्दछन्।

# गरिब तथा विपन्नलाई आकस्मिक उपचार सेवा निःशुल्क शुरु

काठमाडौँ, ६ असोज (रासस)।

सरकारले गरिब तथा विपन्न वर्गका लागि प्रारम्भिक चरणको आकस्मिक उपचार सेवा निःशुल्क शुरु गरेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम अनुसार सरकारी अस्पतालमा गरिब तथा विपन्न नागरिकका लागि आकस्मिक उपचार सेवा निःशुल्क शुरु गरेको हो। मन्त्रालयले शुरुमा राष्ट्रिय ट्रमा सेन्टरबाट शुरु गरेको निःशुल्क उपचार मंगलबार कान्ति बाल अस्पतालबाट पनि शुरु गरिएको मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले जानकारी दिनुभयो।

मन्त्रालयले गरिब तथा विपन्न वर्गलाई केन्द्रीय अस्पतालबाट प्रारम्भिक चरणको आकस्मिक स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७७ ल्याई निःशुल्क सेवा दिन थालेको हो। कान्ति बाल अस्पतालले पनि आकस्मिक सेवा लिनका लागि मंगलबार सूचना जारी गरेको छ।

अस्पतालले केन्द्रीय अस्पतालमा प्रारम्भिक चरणको आकस्मिक सेवा निःशुल्क गराउने कार्यविधि बमोजिम गरिब, विपन्न, साथमा कोही नभएकालाई प्रारम्भिक चरणको आकस्मिक सेवा निःशुल्क उपलब्ध गराउने थालिएको जनाएको हो। निःशुल्क सेवाका लागि अस्पतालको आकस्मिक कक्षमा वा टिकट काउन्टरमा तथा सामाजिक सेवा एकाईमा सम्पर्क गर्न समेत अस्पतालले अनुरोध गरेको छ।

सरकारले गरिब परिवार परिचयपत्रवाहक नेपाली नागरिक, स्थानीय पालिकाका सिफारिसपत्र वाहक, उपचार खर्च नभएका सेवाग्राही, साथमा कोही नभएका वा तेस्रो व्यक्तिले ल्याएका वा अथ्यारोमा परेको सेवाग्राही र वेवारिसे व्यक्तिलाई निःशुल्क उपचार गर्ने छ। ट्रमा सेन्टरका निमित्त प्रमुख मेडिकल सुपरिटेन्डेण्ट डा.सन्तोष पौडेलले सरकारको नीति अनुसार यही असोज १ गतेबाट गरिब तथा विपन्न वर्गको आकस्मिक सेवा निःशुल्क गर्न थालिएको बताउनुभयो। यस्तै कान्ति अस्पतालमा प्रारम्भिक चरणको आकस्मिक सेवा अवधि एक दिनका लागि मात्र मान्य गरेको छ।

सरकारले केन्द्रीय अस्पतालको रुपमा रहेका त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, विपि कोइराला लायन्स सेन्टर फर अप्थाल्मिक स्टडीज, वीर अस्पताल, शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, कोशी अस्पताल र नारायणी अस्पतालमा उक्त सेवा दिइने छ। यस्तै भरतपुर अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, भेरी अस्पताल, सुर्खेत प्रादेशिक अस्पताल, डडेल्धुरा अस्पताल र महाकाली प्रादेशिक अस्पताल गरी १५ वटा अस्पतालमा यसै आर्थिक वर्षमा गरिब तथा विपन्नका लागि आकस्मिक सेवा निःशुल्क गर्ने छ।

मन्त्रालयका सहप्रवक्ता डा. अधिकारीले कार्यक्रमको शुरुमा ती १५ अस्पताललाई केही बजेट पेश्की स्वरुप उपलब्ध गराइसकेको बताउनुभयो।

अस्पतालले यसरी निःशुल्क उपचार गराएका विरामीको शोध भर्ना प्रत्येक तीन तीन महिनामा उपचारात्मक सेवा महाशाखाबाट पाउने कार्यविधिमा उल्लेख गरिएको छ। यस्तै खर्च रकम शोधभर्नाको लागि पेश गर्दा एकाइ मूल्य स्वास्थ्य बीमा वोर्डको अधिकतम मूल्य भन्दा बढी हुने छैन। यसरी कार्यक्रम सञ्चालन गर्ने सस्थाले प्रचलित ऐन नियम बमोजिम खर्च तथा लेखापरीक्षण गराउनुपर्ने कार्यविधिमा उल्लेख छ।

कार्यविधिमा अस्पतालले विरामीका लागि आवश्यक पर्ने औषधि तथा उपकरण र अन्य सामाग्रीको व्यवस्था गर्नुपर्ने हुन्छ। विरामी स्थिर भइसकेपछि आवश्यकता अनुसार डिस्चार्ज, वार्डमा भर्ना, शल्यक्रिया, सघन उपचार कक्षमा (आइसियु) भर्ना गर्नुपर्ने छ।

कुनै विरामीलाई आकस्मिक घटना वा आपतकालिन अवस्थामा विरामीको जीवन वा अङ्ग जोखिममुक्त गरी विरामीलाई स्थिर बनाउन वा आकस्मिक कक्षमा गरिने उपचार, तत्काल दिनुपर्ने अत्यावश्यक औषधि उपचार सहितको निःशुल्क सेवा आकस्मिक सेवा अन्तर्गत पर्दछन्।

# एयरलाइन्सबीच भ्रमण प्याकेजको प्रतिस्पर्धा

काठमाडौँ, ६ असोज (रासस)।

मुलुकको आन्तरिक उडान पुनः सञ्चालन भएसँगै वायुसेवा प्रदायक कम्पनीबीच सस्तो भ्रमण प्याकेज घोषणा गर्ने प्रतिस्पर्धा चलेको छ। बन्दाबन्दीको छ महिनापछि यही असोज ५ गतेदेखि शुरु भएको आन्तरिक उडानमा यात्रुलाई आकर्षण गर्न वायुसेवा कम्पनीले विभिन्न प्याकेज तथा आकर्षक अफर सार्वजनिक गरिरहेका छन्।

खासगरी ठूला वायुसेवा कम्पनी बुद्ध एयर र यती एयरलाइन्सबीच पर्यटकीय गन्तव्यमा भ्रमणका लागि सस्तो प्याकेज बनाउने होडबाजी नै चलेको छ। यसले गन्तव्य भ्रमणमा निस्कने पारखीलाई त राहत मिलेको छ नै सिङ्गो पर्यटन क्षेत्रलाई पनि गतिशील तुल्याउन मद्दत पुग्ने व्यवसायीको अपेक्षा छ।

हुन त, वायुसेवा कम्पनीको पनि कोभिड-१९ का कारण लामो समय प्रभावित बनेको पर्यटन क्षेत्रलाई पुरानै लयमा फर्काउन अनेकन चुनौती छन्। आर्थिक नोक्सानी बेहोरेका एयरलाइन्सले जोखिम मोलेर भए पनि यात्रुलाई तान्न सस्ता प्याकेज बनाएर बेच्न थालेका छन्। होटल, ट्राभल, ट्रेकिङलगायत पर्यटकीय संस्था सँगको साझेदारितामा एयरलाइन्सले विभिन्न पर्यटकीय गन्तव्यको भ्रमणका लागि सस्तो प्याकेज धमाधम सार्वजनिक गरेका हुन्।

निजी क्षेत्रको अग्रणी वायुसेवा कम्पनी बुद्ध एयरले एक महिनाअघि नै आकर्षक पर्यटकीय प्याकेज सार्वजनिक गरेर बजारीकरण गरेको थियो। अर्को ठूलो एयरलाइन्स यतीले पनि आफ्नो २२औँ वार्षिकोत्सवको अवसर पारेर आन्तरिक उडान शुरु भएकै दिन सोमबार पत्रकार सम्मेलन गरी सस्तो भ्रमण प्याकेज घोषणा गरेको हो।

कोभिड महामारी नियन्त्रणका लागि सरकारले देशभर लागू गरेको बन्दाबन्दी र पछिल्लो पटकको निषेधाज्ञाका कारण ६ महिना शून्य स्थिति जस्तै भएको मुलुकको पर्यटन क्षेत्रलाई पूर्ववत् अवस्थामा फर्कने आशाका पर्यटकीय गतिविधि बढिरहेको सन्दर्भमा एयरलाइन्सले पनि छुट र अफरका प्याकेज ल्याएका हुन्। भदौ १६ देखि अन्तर्राष्ट्रिय उडान र असोज ५ देखि सञ्चालनमा आएको आन्तरिक उडानले पर्यटन क्षेत्रलाई चलायमान बनाएको छ। अहिले हवाई उडानसँगै( होटल, ट्राभल, ट्रेकिङलगायत पर्यटकीय क्षेत्र खुलिसकेका छन्।

**कुन एयरलाइन्सका कस्ता अफर**

बुद्ध एयरले आन्तरिक पर्यटनलाई चलायमान बनाउन सस्तो आकर्षक होलिडे प्याकेज सार्वजनिक गरेको छ। बुद्ध होलिडेजले नाफारहित आकर्षक पोखरा र रमाइलो चितवन प्याकेज ल्याएको हो। बुद्ध एयर, पोखरा तथा चितवनका होटलको सहकार्यमा प्याकेज ल्याएको कम्पनीले जनाएको छ। बुद्ध होलिडेज बुद्ध एयरको भगिनी संस्था हो।

दुई दिन तीन रातको प्याकेजमा पोखरा रु पाँच हजार ९९९ र चितवनका लागि रु सात हजार ९९९ तोकिएको छ। यसमा दुईतर्फी हवाई टिकट, तारे होटेलको बसाइ, बिहानको खाजा, पोखरा विमानस्थलबाट होटेल र फर्किंदा विमानस्थलको गाडी सुविधा समावेश गरिएको छ। यसैगरी चितवनको पनि दुईतर्फी हवाई टिकट, तीनतारे होटेलको बसाइ, बिहानको खाजा, चितवन विमानस्थलबाट सौरहा होटेल र फर्किंदा विमानस्थलको गाडी सुविधा समावेश गरिएको कम्पनीले उल्लेख गरेको छ। यो योजना सीमित अवधिभरका लागि हो।

निजी क्षेत्रकै प्रतिस्पर्धी यती एयरलाइन्सले पनि आन्तरिक पर्यटन प्रवर्द्धनका लागि देशका महत्वपूर्ण पर्यटकीय गन्तव्यमा सस्तो मूल्यमा प्याकेज सार्वजनिक गरेको छ। सरकारले घोषणा गरेको देश दर्शन कार्यक्रमलाई समेत दृष्टिगत गरी कम्पनीले भ्रमणको सस्तो प्याकेज बनाएको हो। कोभिड-१९ महामारीका कारण थलिएको पर्यटनलाई जीवन्त तुल्याउन कम्पनीले देशका विभिन्न गन्तव्यमा आकर्षक प्याकेज ल्याएको जनाएको छ।

यती एयरलाइन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अनोज रिमालले नयाँ परिस्थितिमा आन्तरिक पर्यटनलाई चलायमान बनाउन कम्पनीले आकर्षक प्याकेज ल्याएको बताउनुभयो। उहाँका अनुसार यस्तो प्याकेज अक्टोबर २०२० बाट लागू हुने गरी बिक्री थालिएको छ। अहिले यतिले पोखरा, एभरेष्ट ट्रेल, मुक्तिनाथ, घान्द्रुक, चितवन र रारालाई लक्षित गरी प्याकेज बनाएको छ। कम्पनीले नेपालगन्ज, भरतपुर, जनकपुर, भैरहवा, भद्रपुर र तुम्लिङटारका लागिसमेत दुईतर्फी टिकट सहितका प्याकेज बनाएको छ। यी गन्तव्यमा होटेलको स्तरअनुसार मूल्य राखिएको छ।

**यी हुन् यतीका पर्यटकीय प्याकेज**

एभरेष्ट ट्रेलः रु १३ हजार ९९९ प्रतिव्यक्ति (चार रात, पाँच दिन, न्यूनतम १० यात्रु आवश्यक), राराः रु २४ हजार ९९९ प्रतिव्यक्ति (दुई रात, तीन दिन, न्यूनतम पाँच यात्रु आवश्यक), पोखराः रु पाँच हजार ९९९ सात ९९९ प्रतिव्यक्ति (दुई रात, तीन दिन), चितवनः रु १२ हजार ९९९ र रु १६ हजार ९९९ प्रतिव्यक्ति (दुई रात, तीन दिन), मुक्तिनाथ दर्शनः रु१२ हजार ९९९ प्रतिव्यक्ति (तीन रात, चार दिन, न्यूनतम छ यात्रु आवश्यक), मुक्तिनाथ दर्शनः रु १६ हजार ९९९ प्रतिव्यक्ति (चार रात, पाँच दिन, न्यूनतम सात यात्रु आवश्यक), अन्नपूर्ण फुटहिल्स ट्रेल घान्द्रुकः रु ११ हजार ९९९ प्रतिव्यक्ति (पाँच रात, छ दिन, न्यूनतम छ यात्रु आवश्यक) र अन्नपूर्ण लक्जरी घान्द्रुक ट्रेलः रु १९ हजार ९९९ प्रतिव्यक्ति (चार रात, पाँच दिन, न्यूनतम आठ यात्रु आवश्यक) रहेको छ।

एयरलाइन्सका पर्यटकीय प्याकेजले आन्तरिक पर्यटनलाई गतिशील बनाउनाका साथै आर्थिक गतिविधि पनि बढ्नेमा व्यवसायी ढुक्क छन्। ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का अध्यक्ष खुमबहादुर सुवेदीले आन्तरिक पर्यटन प्रवर्द्धनका लागि एयरलाइन्सले ल्याएको सस्तो प्याकेजले पर्यटन क्षेत्रलाई चलायमान बनाउने बताउनुभयो। उहाँले अहिलेको परिस्थितिमा सरोकारवाला संस्थाबीच साझेदारिताका साथ प्रभावकारी प्रवर्द्धनात्मक कार्यक्रम ल्याइनुपर्नेमा जोड दिनुभयो।

नेपाल एसोसिएसन अफ टूर एन्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) का अध्यक्ष अच्युत गुरागाईंले आन्तरिक उडान खुलेसँगै पर्यटन बजारमा नयाँ उत्साह जगाएको भन्दै शुरुमा आन्तरिक र क्रमशः क्षेत्रीय गन्तव्यमा पर्यटन प्रवर्द्धनका गतिविधि बढाइनुपर्ने खाँचो औँल्याउनुभयो।

# प्रेसजगत् संक्रमणकालीन अवस्थामा छ : सभामुख सापकोटा

काठमाडौँ, ६ असोज (रासस)।

सभामुख अग्निप्रसाद सापकोटाले प्रेसजगत् सङ्क्रमणकालीन अवस्थामा रहेकाले समस्या देखिएको बताउनुभएको छ। प्रेस काउन्सिल नेपालको ५१औँ वार्षिकोत्सव समारोह तथा पुरस्कार वितरण कार्यक्रमलाई मंगलबार सम्बोधन गर्दै उहाँले प्रेसमाथि हुने गरेका घटना, सरकार र प्रेसबीचको समस्या सङ्क्मणकालको कारण देखिएको बताउनुभयो।

उहाँले समस्या औँल्याउँदै गर्दा समाधानका लागि पनि आफूले पहलकदमी लिने जनाउनुभयो।

सो अवसरमा काउन्सिलका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले काउन्सिल पत्रकार आचारसंहिता पालना गराउन लागिपरेको बताउनुभयो। काउन्सिलका सदस्य एवं नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्यले सरकारले सरोकार पक्षको राय, परामर्शविना मिडिया काउन्सिललगायत विधेयक ल्याउँदा विवाद उठेको बताउँदै लोकतन्त्रमा जसका लागि कानून बनाउन खोजिएको हो, त्यसमा सरोकार पक्षको सहभागिता अनिवार्य हुनुपर्छ भन्नुभयो।

मंगलबार पहिलो चरणमा वार्षिकोत्सव समारोह तथा पुरस्कार वितरण राष्ट्रपति भवन, शीतल निवासमा भएको थियो। उक्त कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारीले प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार र प्रेस काउन्सिल आचारसंहिता पुरस्कार वितरण गर्नुभएको थियो।

**विभिन्न पुरस्कार वितरण**

यस वर्षको प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार दृष्टि साप्ताहिकका सम्पादक शम्भु श्रेष्ठलाई प्रदान गरिएको छ। यो पुरस्कारको राशि रु एक लाख ५१ हजार छ। त्यस्तै रु एक लाख १० हजार राशिको प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार हुम्लाका अर्जुन बोहोरा तथा रु ५० हजार राशिको प्रेस काउन्सिल आचारसंहिता पुरस्कार सेतोपाटी डटकमलाई प्रदान गरिएको छ।

रु २० हजार राशिको प्रेस काउन्सिल क्रियाशील पत्रकारिता पुरस्कार गोविन्द क्षेत्री (झापा), राजन कार्की (काठमाडौँ), धर्मेन्द्र कर्ण (धनुषा), ऋषि धमला (धादिङ), उमेश श्रेष्ठ (काठमाडौँ), दीपेन्द्र श्रेष्ठ (कास्की) र नितु पण्डित ( काठमाडौँ)लाई प्रदान गरिएको छ।

यस्तै रु १५ हजार राशिको प्रेस काउन्सिल युवा पत्रकारिता पुरस्कार सटेन्द्र जबेगु (इलाम), सुरेशचन्द्र अधिकारी (चितवन), माधव पौडेल (काठमाडौँ), गणेश चौधरी (कैलाली), गिरिजा अधिकारी (मकवानपुर), राजु विक (सिरहा), कमला श्रेष्ठ (काठमाडौँ), राजन सिंह (धनुषा), देवीकुमारी गुरुङ ( रोल्पा), रेणु पराजुली (उदयपुर), दीपेन्द्र वली (सुर्खेत), शेरबहादुर थापा (सुर्खेत), राधिका कँडेल ( फोटो पत्रकार, कास्की) र शान्ता कमली (लमजुङ)लाई दिइएको छ।

प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार नवप्रज्ञापन साहित्यिक त्रैमासिक पत्रिका र प्रेस काउन्सिल भाषागत पत्रकारिता पुरस्कार वाम्बुले राई भाषाका लागि ओखलढुङ्गाका पत्रकार गणेश राईलाई प्रदान गरिएको छ। ती सबै पुरस्कार सभामुख सापकोटाले वितरण गर्नुभएको थियो।

*विद्यालय ...*

क्रियाकलाप सम्पादन गर्न विभिन्न कार्यान्वयनका प्रक्रियाहरु निर्दिष्ट गरिएको छ।

मन्त्री पोखरेलले भन्नुभयो, "कार्ययोजना कार्यान्वयनमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ। विद्यालय तहवाट सम्पादन हुने सबै कार्यक्रमहरु स्थानीय तहकै निर्देशन अनुगमन र समन्वयबाट सम्पादन हुने व्यबस्था गरिएको छ।" कार्ययोजनाको अनुगमन र सहजीकरण केन्द्र र प्रदेश सरकारले गर्नेछन्।

## विश्व समाचार

### भारतमा एकैदिनमा सङ्क्रमणमुक्त हुनेको संख्या अहिलेसम्मकै धेरै

नयाँ दिल्ली, ६ असोज (रासस/एएनआई)।

भारतमा एकैदिनमा कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएकाको सङ्ख्या अहिलेसम्मकै धेरै देखिएको छ।

सरकारी अधिकारीहरुले दिएको जानकारीअनुसार पछिल्लो तीन दिनमा प्रत्येक दिन औसतमा ९० हजार जनाका दरले बिरामी सङ्क्रमणमुक्त भएका छन्। केन्द्रीय स्वास्थ्य मन्त्रालयले पछिल्लो तीन दिनमा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या अत्यधिक धेरै रहेकाले सन्तोषजनक अवस्था रहेको मङ्गलबार जानकारी दिएको छ।

मन्त्रालयले कुल सङ्क्रमितमध्ये झण्डै ८० प्रतिशत मानिसहरु सङ्क्रमणमुक्त भएको पनि जनाएको छ। मन्त्रालयको सामाजिक सञ्जालको आधिकारीक पेजमा लेखिएको छ, "भारतमा सङ्क्रमणमुक्त भएकाहरुको दैनिक सङ्ख्या उच्च हुँदै गएको छ, यो सङ्ख्या र अनुपात विश्वमै सबैभन्दा धेरै हो।"

भारतमा सोमबारसम्ममा कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरुको कुल सङ्ख्या ५४ लाख ८७ हजार ५८१ पुगेको मन्त्रालयले जनाएको छ।

कुल सङ्क्रमितमध्ये दश लाख तीन हजार २९९ जना अझै पनि सक्रिय सङ्क्रमित अवस्थामै रहेका छन् भने अरु ४३ लाख ९६ हजार ३९९ जना सङ्क्रमणमुक्त भएका छन्।

### अष्ट्रेलियामा ९० ह्वेलको मृत्यु, अलपत्र १८० को उद्धारका लागि प्रयास जारी

सिड्नी, ६ असोज (रासस/एएफपी)।

अस्ट्रेलियाको दक्षिणी क्षेत्रमा पर्ने एउटा खाडीमा कम्तीमा ९० ह्वेल माछाको सोमबार मृत्यु भएपछि खतरामा रहेका १८० भन्दा बढीको उद्धारका लागि मङ्गलबार उद्धारकार्य सुरु गरिएको छ।

ह्वेलविद्हरूले तस्मिनियाको पश्चिमी तटमा पानीको सतह कम भएको ह्वेल पुगेपछि उनीहरूलाई अनुकुल वातावरण नहुँदा मरेको बताएका छन्।

उनीहरूले ह्वेलको समूह अन्टार्कटिकातर्फ जानेक्रममा बाटो विराएर तसिमिनियातर्फ गएको र पानीको गहिराई नभएको स्थानमा पुगेपछि अनुकूल वातावरणको अभावमा ठूलो सङ्ख्यामा ह्वेलको मृत्यु भएको हुनसक्ने बताइएको छ।

सरकारी जलचरविद् क्रिस कार्लियनका अनुसार सोमबार साँझसम्म झण्डै एक तिहाई ह्वेलको मृत्यु भएको र अन्यलाई सुरक्षित स्थलतर्फ लान उद्धारका लागि सवयम्सेवक तथा माछापालनमा काम गर्ने श्रमिकहरूको सहायतामा करिब ४० ह्वेलको उद्धार गरिएको छ। उहाँले उद्धार चुनौतीपूर्ण रहेको बताउँदै यसका लागि केही दिन लाग्ने बताउनुभएको छ।

तस्मिनियामा ह्वेलका समूहहरू प्रायः भेटिने गरेका भएपनि उनीहरूको यति ठूलो समूह भने सन् २००९ पछि पहिलो पटक देखिएको अधिकारीहरूले बताएका छन्।

ह्वेलको उद्धार डुङ्गाबाट गर्नुपर्ने भएकोले सीमित उद्धारकर्मीलाई मात्र पठाएर उद्धार गर्नुपर्ने हँदा अहिले करिब ६० जना उद्धारमा सहभागी रहेको कार्लियनले बताउनुभयो।

चिसो पानीमा भिजेर समूद्रको छालमा काम गर्नुपर्ने भएकाले उद्धारमा कठिनाइ भइरहेको बताइएको छ। समूहमा यात्रा गर्न मन पराउने ह्वेलहरूको करिब ३० वटा समूह तस्मिनिया तटीय क्षेत्रमा रहेको ९० भन्दा बढीको मृत्यु भएको उद्धारमा खटिएका कार्लियनले बताउनुभयो।

### विश्वभर पछिल्लो सात दिनमा करिब २० लाख कोभिड-१९ सङ्क्रमित

जेनेभा, ६ असोज (रासस/एएफपी)।

कोरोनाभाइरस महामारी विश्वव्यापी रूपमा तीव्र गतिमा वृद्धि भएको विश्व स्वास्थय संगठन (डब्लुएचओ) ले जनाएको छ। पछिललो सात दिन (एक हप्ता) को अवधिमा झन्डै २० लाख व्यक्ति कोभिड-१९ बाट सङ्क्रमित भएको उक्त संस्थाले जनाएको छ।

डब्लुएचओको पछिल्लो तथ्याङ्क अनुसार सेप्टेम्बर १३ देखि २० सम्ममा १९ लाख ९८ हजार ८९७ व्यक्ति सङ्क्रमित भएका छन्।

संयुक्त राष्ट्रसंघीय स्वास्थ्य निकायका अनुसार यो एक हप्ताको अवधिमा विश्वभर सङ्क्रमितको सङ्ख्या छ प्रतिशतले बढेको छ र यो महामारी सुरु भएदेखि कै उच्च सङ्क्रमण दर हो।

विश्वमा मङ्गलबारसम्म कोभिड-१९ बाट तीन करोड १५ लाखभन्दा बढी सङ्क्रमित भएका छन् भने मृत्यु हुनेको सङ्ख्या नौ लाख ६९ हजार ७०० भन्दा बढी पुगेको डब्लुएचओले बताएको छ। पछिल्लो तथ्याङ्क अनुसार सङ्क्रमण सबैभन्दा बढी अमेरिकामा ७० लाख ४६ हजार २१६ रहेको छ भने दोस्रो धेरै सङ्क्रमित भएको मुलुक भारतमा ५५ लाख ६२ हजार ६०० भन्दा बढी पुगेको छ।

अमेरिकामा सङ्क्रमितमध्ये दुई लाख चार हजार ५०६ को मृत्यु भइसकेको छ। त्यस्तै बढी मृत्यु भएका अन्य मुलुकमध्ये ब्राजिलमा एक लाख ३७ हजार ३५०, भारतमा ८८ हजार ९६५, मेक्सिकोमा ७३ हजार ७००, बेलायतमा ४१ हजार ७८८र इटलीमा ३५ हजार ७२४ व्यक्तिको महामारीका कारण ज्यान गुमेको छ।

# सप्तरी काँग्रेसको उपसभापतिमा आचार्य मनोनित

**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

नेपाली काँग्रेस सप्तरीले जिल्ला उपसभापतिमा भुवन प्रसाद आचार्यलाई मनोननय गरेको छ ।

काँग्रेस सप्तरीको मंगलबार बसेको बैठकले आचार्यलाई उपसभापतिमा मनोनय गर्ने निर्णय गरेको पार्टीका जिल्ला सचिव शत्रुहन प्रसाद यादवद्वारा जारि विज्ञप्तिमा उल्लेख छ ।

यस्तै सोही बैठकले प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ अन्तरगत प्रदेश सभा क्षेत्रिय कार्य समिति समायोजनको लागि अजोज ७ गते पोर्ताहामा बैठक बस्ने निर्णय गरिएको उल्लेख छ ।

त्यस्तै हनुमाननगर कंकालिनी नगरपालिका समायोजनको बैठक असोज ८ गते हनुमाननगरमा, अग्निसाइर कृष्णासवरणको बैठक ९ गते र तिरहुत गाउँपालिकाको समायोजन बैठक ९ गते नै गरिने निर्णय गरिएको जारि विज्ञप्तिमा उल्लेख छ ।

## *भन्सार छलेका...*

प्रहरीको गस्ती टोलिले बिभिन्न नाका क्षेत्रवाट खैनी, पान मसाला, गुटका, चुरोट, बिडी, प्रतिबन्धित औषधीहरू समेत बरामत गरेको छ ।

सोमवार मध्य रातमा मे.१च. २०३४ नम्वरको पिकअप भ्यानमा दुईबटा जर्सी गाई लोडगरी भारतबाट नेपाल तर्फ ल्याउदै गर्दा सप्तरीको डाक्नेवरी नगरपालिकाको पत्थरगाढा चौकमा राती १२ बजे तिर गस्तीमा खटिएका प्रहरीले नियन्त्रणमा लिएको डिएसपी तिलक भारतीले जानकारी दिए ।

प्रहरीलाई देख्ने बितिकै तस्करहरू भने अंध्यारोको फाईदा उठाउदै समान छाडी फरार भएको बताईएको छ ।

तस्करीमा प्रयोग गरिएको गाडीसहित बरामत समानहरूको १७ लाख ५१ हजार मुल्यांकन गरिएको तथा आबश्यक कारवाहीको लागि मंगलवार बेल्हीस्थित राजबिराज भन्सार कार्यालय बुझाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# आइसोलेशन सेन्टरमा संक्रमितका लागि स्वच्छता सम्बन्धी सामाग्रि प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

४१ औं सामाजिक सेवा दिवसको अवसरमा राजविराजस्थित साइकृष्ण मेडिकल कलेजको आइसोलेशन सेन्टरमा रहेका कोरोना संक्रमितहरुको प्रयोजनका लागि पाँच लाख मुल्य बराबरको स्वच्छता एवं स्वास्थ्य सामाग्रि प्रदान गरिएको छ ।

वेल्थ हंगर हाइलाइभ, महुली सामुदायिक विकास केन्द्र तथा सबल नेपालको साझेदारीमा संचालित सरसफाइ कार्यक्रम अन्तर्गत मंगलबार आइसोलेशन सेन्टरमै पुगेर संस्थाका प्रतिनिधिले संयुक्त रुपमा पाँच लाख मुल्य बराबरको स्वच्छता एवं स्वास्थ्य सामाग्रिह प्रदान गरेको हो ।

गैसस महासंघ सप्तरीका अध्यक्ष शम्भुनन्द चौधरी तथा राजविराज नगरपालिका प्रमुख शम्भु प्रसाद यादवको विशेष उपस्थितिमा महुली सामुदायिक विकास केन्द्रका निर्देशक प्रभुनारायण चौधरी र सबल नेपालका निर्देशक दिपक झाले संयुक्त रुपमा उक्त परिमाणको सामाग्रि आइसोलेशन व्यवस्थापन समितिका प्रमुख समेत रहेका गजेन्द्र नारायण सिंह अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झालाई हस्तान्तरण गरेका छन् ।

संक्रमितहरुको प्रयोजनका लागि प्रदान गरिएको सामाग्रिहरुमा तौलिया, साबुन, टुथपेस्ट, ब्रस, सेनिटाइजर, सर्जिकल मास्क, हर्पिक, नेलकटर, तीन थान पानी खाने फिल्टर तथा महिला संक्रमितहरुका लागि सेनेटरी प्याड लगायतका सामाग्रि रहेको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा। झाले जानकारी दिएका छन् ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



## NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | PRABHU Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*